नगर कार्यपालिकाको
बैठक संख्या ..१ई...........
मिति ..०७९।९।२०...... को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

बैठक संख्याः १३/२०७९-०८४

मिति २०७९ साल पुष २० गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

कोहलपुर नगरपालिकाको संस्थागत खानेपानी, सरसफाई तथा स्वच्छता सुधार कार्यसञ्चालन निर्देशिका, २०७९ टेबुल भई दफावार छलफल भयो । छलफलका क्रममा प्राप्त राय सुझाव समेटी संस्थागत खानेपानी, सरसफाई तथा स्वच्छता सुधार कार्यसञ्चालन निर्देशिका, २०७९ स्वीकृत गर्ने ।

निर्णय नं. ३

राष्ट्रिय भूमी आयोगको कार्य सञ्चालन सहज गराउने उद्देश्यले यस नगरपालिकामा देहाय बमोजिमको व्यवस्था तत्काल गरी भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपुर्जा यथाशिघ्र वितरण गर्ने

क. राष्ट्रिय भूमी आयोगको मापदण्ड एवं कार्यबिधी बमोजिम नगरपालिका तथा वडालाई प्रदत्त काम, कर्तव्य र अधिकार पुर्णरुपमा प्रयोग गर्ने गरी देहाय बमोजिमको ५ सदस्यीय अधिकार सम्पन्न समिति गठन गर्ने ।

देहायः

| | |
|---|---|
| श्री बिरेन्द्र कुमार शाह, वडा अध्यक्ष वडा नं. १२ | - संयोजक |
| श्री बद्री प्रसाद जैसी, वडा अध्यक्ष वडा नं. १ | - सदस्य |
| श्री हरि कठायत, वडा अध्यक्ष वडा नं. २ | - सदस्य |
| श्री दिपेन्द्र श्रेष्ठ, वडा अध्यक्ष वडा नं. ५ | - सदस्य |
| श्री बीर बहादुर बि.के. | - सदस्य सचिव |

कुनै विशेष वडाको कार्य एवं निर्णय गर्नुपर्दा सम्बन्धित बडाको वडा अध्यक्ष पदेन सदस्य रहने ।

ख. यस निर्णय बमोजिम गठित अधिकारसम्पन्न समितिको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेः

- राष्ट्रिय भूमी आयोगको नगरपालिका अन्तर्गत सञ्चालन हुने कामकाजको अनुगमन, समन्वय र कार्यान्वयन गर्ने गराउने ।
- सबै वडाहरुको क्रमशः जमिन नापजाँच, निस्सा वितरण लगायत राष्ट्रिय भूमी आयोगले तोकेको भूमी सम्बन्धि सम्पूर्ण कार्य गर्ने गराउने ।
- कार्ययोजना बनाई मौजुदा जनशक्तिले नपुग हुने भएमा समितिको निर्णय अनुसार सर्भेक्षक, अमिन, कम्प्यूटर सहायक, फिल्ड सहयोगी आदी कामदार ज्यालादारीमा कामकाजमा लगाउने।
- करारमा कार्यरत कर्मचारीलाई निर्धारित समयमा कार्य गराउँदा काम सम्पन्न नहुने भएमा अतिरिक्त समय काम लगाई सो को स्थलगत रुपमा अनुगमन गरी अतिरिक्त समय कार्य गरेको प्रमाणित एवं सो वापतको भुक्तानी सिफारिस गर्ने गराउने।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ...१३...............
मिति ०७९।९।२०..... को
निर्णय प्रमाणित

- टोटल स्टेशन लगायत भूमी आयोगको कार्यमा प्रयोग हुने मेशिनरी सामाग्री नपुग हुने भएमा खरिद गर्ने, भाडामा लिई कार्य गराउने ।
- चालु आ.ब. मा राष्ट्रिय भूमि आयोगको कार्यका लागि विनियोजित बजेटको ब्रेकडाउन हेरफेर गरी सो बजेटले नपुग हुने भएमा प्रस्तावना तयार गरी नगर प्रमुख मार्फत कार्यपालिकामा पेश गर्ने ।
- कार्य सम्पादनको क्रममा नीतिगत, आर्थिक, प्रशासनिक लगायतका विषयमा प्रचलित कानून बमोजिम हुने गरी गर्ने गराउने । सो को लागि नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा र सम्बन्धित शाखा/निकायसँग समन्वय गर्ने, गराउने ।
- समितिले नियमित कार्यसम्पादन गरेको प्रतिवेदन नगर प्रमुख मार्फत कार्यपालिकामा पेश गर्ने।
- समितिको कार्यसञ्चालनको क्रममा बैठक भत्ता, खाजा खर्च लगायतको व्यवस्था प्रचलित नियम अनुसार हुने ।

ग. राष्ट्रिय भूमी आयोगको कोहलपुर नगरपालिकामा रहने सेवा केन्द्रमा प्रमुखको जिम्मेवारी मिति २०७९/०६/२७ को निर्णयबाट अन्यथा व्यवस्था भएकोमा सो कार्यान्वयन नगरी सो को जिम्मा साबिक बमोजिम अधिकृत श्री बीर बहादुर बि.के. लाई दिने।

निर्णय नं. ४

क. यस नगरपालिका पिस कन्सट्रक्सन एण्ड बिल्डर्स सेवा कोहलपुर बीच मिति २०७७/०३/१८ मा १२ नं. वडाको आधारभुत स्वास्थ्य केन्द्रको भवन निर्माणको सम्झौता भई काम भइरहेकोमा कोभिड महामारीका कारण स्वास्थ्य मन्त्रालयबाट बजेट प्राप्त नभएकाले कार्यालयले निर्माण व्यवसायीलाई कार्य गराउन नसकी काम रोकिएकोमा आ.ब. २०७९/०८० मा सो भवन निर्माण सम्पन्न गर्नुपर्ने आवश्यकता भएकाले पुनः काम शुरु गराई सो भवनको निर्माण सम्पन्न भई सञ्चालनमा आईसकेको र सो को रकम भुक्तानीका लागि मिति २०७९/०८/१६ गते स्वास्थ्य मन्त्रालयमा कार्य सम्पन्न प्रतिवेदन सहित रकम माग गरिएकोमा रकम हालसम्म प्राप्त नभएकोले हाललाई निर्माण व्यवसायीलाई भुक्तानी गर्नुपर्ने रु.२१,१४,१९२।- पछि स्वास्थ्य मन्त्रालयबाट बजेट प्राप्त भएमा सोधभर्ना गर्ने गरी चालु आर्थिक वर्षको बजेट पुस्तिकाको पेज नं. ७३, सि.नं. ८८ म्याचिङ् फण्डबाट सापटी लिई भुक्तानी गर्ने । साथै सो योजनाको काम कोरोना महामारी र कार्यालयमा बजेट अभावका कारणले अन्यौल भएकाले काम ढिला भएको हुनाले निर्माण व्यवसायीको म्याद थप गरी भुक्तानी गर्ने।

ख. कोहलपुर नगरपालिका वडा नं. १४ को आधारभुत स्वास्थ्य केन्द्र कार्यालयको भवनको अधुरो काम सम्पन्न भएकाले सो योजनाको भुक्तानी बाँकी रकम रु.५,६२,५००।- चालु आर्थिक वर्षको बजेट पुस्तिकाको पेज नं. ७३, सि.नं. ८८ म्याचिङ् फण्डबाट सापटी लिई भुक्तानी गर्ने ।

निर्णय नं. ५

यस नगरपालिकाको बाह्रौ नगरसभा, अर्धवार्षिक समिक्षा तथा सार्बजनिक सुनुवाई देहाय बमोजिमको मिति, समय र स्थानमा हुने गरी सम्पन्न गर्ने ।

क. बाह्रौ नगरसभाः
मिति २०७९/०९/२९ गते दिनको १३:०० बजेदेखि नगर सभाहल

ख. शाखा उपशाखा तथा वडाहरुको २०७९ पौष मसान्तसम्मको अर्धवार्षिक प्रगति समिक्षा मिति २०७९/१०/०५ र ०६ गते दिनको १३:०० बजेदेखि नगरसभा हलमा

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ...१३...........
मिति ..२०७९/९/२०... को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

ग. सार्वजनिक सुनुवाईः

मिति २०७९ माघको अन्तिम हप्ता नगरपालिकाको सभाहलमा गर्ने ।

निर्णय नं. ६

मातृ शिशु मृत्युदर न्युनिकरणका लागि यस नगरपालिकामा हुने प्रसुति महिला तथा नवजात शिशुलाई आवश्यक पर्ने रगत आपूर्ति व्यवस्था सहज बनाउन नेपाल रेडक्रस कोहलपुर उपशाखामा सो उपशाखाले सञ्चालन गर्ने गरी रक्तसंचार केन्द्र (Blood Bank) स्थापना गर्न आवश्यक पर्ने सामाग्री खरिद एवं पूर्वाधार निर्माणका लागि नगरपालिकांको बजेट पुस्तिकाको पेज नं. ११५, सि.नं. ४६३ मा रहेको लागि मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती, रक्तसंचार, उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रममा बिनियोजित नेपाल सरकार नगद अनुदानको बजेट मध्ये रु.२२,००,०००।– बाट खर्च गर्ने ।

निर्णय नं. ७

यस नगरपालिकामा कार्यरत करारमा कार्यरत कर्मचारीहरुको म्याद यही पौष मसान्तमा सकिने भएकाले निजहरुको म्याद थपका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 'करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८' बमोजिम कार्यसम्पादन मूल्याङ्कन फाराम २०७९ पौष मसान्त भित्र भर्न लगाई सो मापदण्ड बमोजिम अंक प्राप्त हुने कर्मचारीहरुको २०८० असार मसान्तसम्म म्याद थप गर्ने। मापदण्ड बमोजिम अंक प्राप्त नहुने कर्मचारीको म्याद थप नगर्ने ।

निर्णय नं. ८

कोहलपुर नगरपालिकामा विज्ञ तथा सल्लाहकार नियुक्ति सम्बन्धी कार्यबिधी, २०७९ टेबुल भई बुँदागत रुपमा छलफल भयो । प्राप्त राय सुझाव समेटी सो कार्यबिधी स्वीकृत गर्ने ।

निर्णय नं. ९

विकलाङ्ग मित्र समुह/ अपाङ्ग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्र, बनेपाले मिति २०७९/०९/०८ गते यस कोहलपुर नगरपालिकालाई पत्रका साथ अपाङ्ग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्रको कोहलपुर स्थित प्रादेशिक पुर्नस्थापना केन्द्र सञ्चालनका लागि आवश्यक जग्गा तथा भवन उपलब्ध गराई यस प्रदेशमा रहेका अपाङ्गता भएका बालबालिकाहरुको उपचार तथा पुर्नस्थापना सेवालाई निरन्तरता दिने उद्देश्य सहित आवश्यक प्रक्रिया अगाडी बढाईदिनका लागि भवन तथा जग्गा उपलब्ध गराईदिन माग भए अनुसार कोहलपुर नगरपालिका वडा नं. १५ स्थित साबिक शम्सेरगंज स्वास्थ्य चौकीको खाली रहेको पुरानो भवन नगरपालिकाले आवश्यक मर्मत सम्भार गरी सो संस्थालाई अपाङ्ग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्र सञ्चालन गर्नका लागि प्रयोग गर्न दिने ।

निर्णय नं. १०

आ.ब. २०७९/०८० को वडा सिलिङ्मा विनियोजित वडा सिलिङ तर्फ तपसिल बमोजिम वडा समितिबाट निर्णय भै आएको योजना/कार्यक्रम संशोधन एवं ब्रेकडाउन आगामी नगरसभाबाट अनुमोदन हुन गरी स्वीकृत गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ....९३....
मिति ....०८१।३।२०.... को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

वडा नं. १५

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | अकलघरवा गाउँको विभिन्न टोल बस्तीको बाटोमा माटो पटान तथा ग्रावेल र दायाँ बायाँ पक्की नाली निर्माण | श्रवण तमोलीको घरदेखि सियाराम गोडियाको घरसम्म बाटोको दायाँ बायाँ पक्की नाली निर्माण | ६,००,००० | सि.नं. २५९ |
| २ | नर्सरी देखि बाला कामीको घरसम्म जाने बाटोमा माटो पटान तथा ग्रावेल | नर्सरी देखि बालाराम जैसीको घरसम्म जाने बाटोमा माटो पटान तथा ग्रावेल | ३,००,००० | सि.नं.२६१ |
| ३ | बाल कुमारी थापाको घरदेखि उत्तर हुँदै राम लखन थारुको घरसम्म दायाँ बायाँ पक्की नाली सहित बाटो मर्मत | बाल कुमारी थापाको घरदेखि उत्तर हुँदै राम लखन थारुको घरसम्म बाटोमा ग्रावेल मर्मत | ४,००,००० | सि.नं.२६३ |
| ४ | मिश्र थारुको घरदेखि जगतराम थारुको घरसम्म र केवल थारुको घरदेखि गौरीया नालासम्म जाने बाटोमा माटो पटान तथा ग्रावेल र होमपाइप | मिश्र थारुको घरदेखि जगतराम थारुको घरसम्म बाटोमा माटो पटान तथा ग्रावेल र होमपाइप जडान | ३,००,००० | सि.नं.२६५ |
| ५ | वडा नं. १५ को विविध कार्यक्रम खर्च रु.२,८०,०००।- | महिला, बालबालिका तथा जेष्ठ नागरीकहरुलाई कम्मल वितरण कार्यक्रम<br>अपाङ्ग भएका व्यक्तिहरु बीच मेरो परामर्श सम्बन्धी तालिम तथा कार्यक्रम<br>लागु औषध तथा दुर्व्यसनी सचेतनामूलक कार्यक्रम | १,८०,०००<br>५०,०००<br>५०,००० | सि.नं.२५५ |
| ६ | वडा नं. १५ को पुँजिगत भैपरी आउने खर्च ८,००,०००।- मध्येबाट | चौधरीया स्कुलको खेल मैदानमा माटो पटान तथा मर्मत<br>शिव मन्दिरमा वाईरिङ् मर्मत खर्च<br>ए.के. युवा क्लबलाई फुटवल ड्रेस र सामग्री खरिद<br>हवलदारपुर अस्थाई प्रहरी चौकीको भवन मर्मत | १,५०,०००<br>५०,०००<br>२५०००<br>१,००,००० | सि.नं.२६६ |
| ७ | दल बहादुर बुढा क्षेत्रीको घरदेखि नर बहादुर थापाको घरसम्म अधुरो बाटोमा | दल बहादुर बुढा क्षेत्रीको घरदेखि नर बहादुर थापाको घरसम्म अधुरो बाटोमा दायाँ | ८,००,००० | सि.नं.२६० |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ......९३..........
मिति ....२०७९/९/२०.... को
निर्णय प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| | दायाँबायाँ पक्की नाली | बायाँ सडक पेटीमा वाल निर्माण | | |
| ८ | अकलघरवा टोलबस्तीमा खानेपानी निर्माण र राधाकृष्ण प्रा.बि.मा भवन प्लस्टर तथा फर्स मर्मत | अकलघरवा टोलबस्तीमा खानेपानी निर्माण | ३,००,००० | सि.नं.२५६ |
| वडा नं. ६ (वडा समितिबाट मिति २०७९/०५/१३ र २०७९/०८/१६ मा निर्णय भएको) | | | | |
| ९ | नरेन्द्र देवकोटाको घरदेखि लक्ष्मण काफ्लेको घरसम्म र नन्दा सिंजालीको घरदेखि दक्षिण जाने र दिपा बि.क.को घरदेखि ललिता थापाको घरसम्म जाने बाटो ग्राभेल | सुतैया जाने बाटोमा नाली निर्माण | ३,००,००० | सि.नं.१५८ |
| १० | वडा नं. ४ को सिमानादेखि जाजरकोटी टोलसम्म बाटो ग्राभेल र ईश्वरी प्रसादको घरदेखि चन्द्र बहादुरको घरसम्म जाने बाटो ग्राभेल योजना रु. ३ लाख | गणेश थारुको घरदेखि नेपाल थारुको घरसम्म नाली निर्माण | १,५०,००० | सि.नं.१६३ |
| ११ | वडा कार्यालय जाने बाटो स्तरोन्नती र (सि.नं.१६३ बाट रु.१,५०,०००।-) | वडा कार्यालयमा पर्खाल र गेट निर्माण | ६,५०,००० | सि.नं.१६२ र १६३ बाट |
| वडा नं ११(वडा समितिको मिति २०७९/०६/०५ मा निर्णय भएको) | | | | |
| १२ | निर्मित सार्वजनिक सम्पत्तिको सुधार लोकनगर अधुरो रहेको मन्दिर निर्माण- रु.६ लाख | लोकनगर अधुरो रहेको मन्दिर निर्माण<br>ज्ञान ज्योति मा.बि. बगिया<br>डेक्स बेन्च खरिद<br>कोहलपुर मा.बि.<br>शिव टोल मन्दिर निर्माण<br>प्रबुद्ध जेष्ठ नागरिक मञ्च<br>सोलार बत्ति जडान<br>वडा नं. ११ मा रहेका विभिन्न चर्चहरुमा | २,५०,०००<br>१,००,०००<br>५०,०००<br>५०,०००<br>१,००,०००<br>५०,००० | सि.नं.२०५ |
| वडा नं. ५(वडा समितिको मिति २०७९/०६/०६ र २०७९/०८/२८ मा निर्णय भएको) | | | | |
| १३ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार को रु. ६ लाखबाट – शान्तिनगर दुर्गा मन्दिरमा रंगरोगन | ५ नं. वडा कार्यालयका लागि प्रिन्टर र फोटोकपी मेसिन खरिद | ५०,००० | सि.नं.१५४ |
| १४ | एनटिभि रोड पृथ्वीनगरको अन्तिम कालोपत्रेदेखि विकासनगर माया गौतमको घर | पृथ्वीनगर मनकामना मन्दिरदेखि उत्तरतर्फ उ.मा.शि.प. जोड्ने बाटोको | ३,००,००० | सि.नं.१४३ |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ....९२..........
मिति ०७९।९।२०... को
निर्णय प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| | हुँदै रझेना गाउँ जोड्ने सडक दुवैतर्फ आर.सि.सि. नाली निर्माण | अधुरो आरसिसि नाली निर्माण | | |
| वडा नं. १०(वडा समितिबाट मिति २०७९/०५/१५ मा निर्णय भएको ) | | | | |
| १५ | मेट्रोमार्ट देखि दक्षिण दिल बहादुर खत्रीको घरसम्म पक्की नाला निर्माण गर्ने | मेट्रोमार्ट देखि दक्षिण दिल बहादुर खत्रीको घरसम्म आर.सि.सि. पक्की बाटो निर्माण | ४,००,००० | सि.नं.२०० |
| वडा नं. १२(वडा समितबाट २०७९/०९/०७ र २०७९/०९/०९ मा निर्णय भएको ) | | | | |
| १६ | दाउन्ना दंगालीको घरको चोकदेखि सुन्दर बस्ती गाउँको बीचको पक्की नाली निर्माण क्रमागत | जानकी टोल अन्तर्गत विन्दु अधिकारीको घरको साईटबाट रोहिणी पुल जोड्ने बाटो | ३,००,००० | सि.नं.२२२ |
| १७ | मसुरी खेत पिपल चौतारादेखि पाउँरोटी उद्योग हुँदै निवुवा रोडसम्मको पक्की नाली निर्माण क्रमागत | मुगाल टोलको ओम शिव पेट्रोल पम्प नजिक पक्की नाली निर्माण | ४,००,००० | सि.नं.२२५ |
| १८ | रामजानकी मन्दिरदेखि स्वामी दयालको घर हुँदै अमृता गिरीको घरसम्मको दुवै पट्टी पक्की नाला निर्माण क्रमागत | पुतली गौतमको घरदेखि रोहिणी पुलसम्म पक्की नाला निर्माण | १०,००,००० | सि.नं.२२६ |
| १९ | लक्ष्मी अर्यालको घरदेखि पश्चिम तर्फ एकतर्फि पक्की नाली निर्माण क्रमागत | लक्ष्मी अर्यालको घरदेखि पश्चिम तर्फ पक्की बाटो निर्माण | ३,००,००० | सि.नं.२२० |
| वडा नं. १४(वडा समितिबाट मिति २०७९/०८/१५ मा निर्णय भएको) | | | | |
| २० | ठाडा ताल वाल तथा बाटो मर्मत | माटो पटान योजना | ३,००,००० | सि.नं.२४८ |
| वडा नं. ७(वडा समितिबाट मिति २०७९/०९/१८ मा निर्णय भएको) | | | | |
| २१ | वडा कार्यालयमा समरसेल धारा जडान | विक्रम थारुको घरदेखि पन्ना थारुको घरसम्म बाटो ग्रावेल | १,००,००० | सि.नं.१७४ |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत

| क्र.सं. | वडा नं. | योजनाको नाम | अनुमानित लागत |
|---|---|---|---|
| १ | ३ | खानेपानीको पाइपलाइन विस्तार। | ६,५०,००० |
| २ | १० | प्रहरी बिट देखि विद्यानगर आरसी टोल हुँदै चटार गाउँसम्म खानेपानीको पाइपलाइन विस्तार। | ५,७६,००० |
| ३ | १० | कोहलपुर नेपालगंज राजमार्गदेखि डाइनामिक क्याम्पस हुँदै त्रिवेणी चोक चटार सम्म खानेपानीको पाइपलाइन विस्तार। | ५,५०,००० |
| ४ | १० | नाली मर्मत तथा सरसफाई। | १,५०,००० |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ...९३...
मिति ...०८१।३।२०... को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं. ११

यस नगरपालिकाको वडा नं. ११ मा निर्माणाधिन लामो दुरीको बसपार्कको राजस्व ठेक्का व्यवस्थापनका लागि सुझाव पेश गर्न गठित समितिले प्रस्तुत गरेको प्रतिवेदन बैठकमा प्राप्त भयो । सो प्रतिवेदन माथी बृहत छलफल गरियो । प्रतिवेदनमा समेटिएका तथा आजको बैठकमा प्राप्त राय सुझावहरु समेत थप गरी राजस्व ठेक्का लगायत बसपार्क सञ्चालनलाई व्यवस्थित गर्ने ।

निर्णय नं. १२

विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले यस नगरपालिकामा बजेट तथा कार्यक्रमको प्रस्ताव माग गरेकोमा सो संस्थाहरुलाई यस नगरपालिकाको चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ७१ सि.नं. ७० को विभिन्न (सरकारी तथा गैर सरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट खर्च हुने गरी देहाय बमोजिम बजेट उपलब्ध गराउने:

क. कोहलपुर सामुदायीक सेवा केन्द्र तथा सामुदायीक प्रहरी सेवा केन्द्र, (तेह्र बिगाहा) कोहलपुर, बाँकेलाई भवन निर्माणका लागि रु.५,००,०००।-
ख. कोहलपुर २ को तेह्र बिगाह क्षेत्रमा निर्माणाधिन श्री बौद्ध गुम्बा शान्ति बिहार तेह्र बिगाहा कोहलपुर २ लाई गुम्बा निर्माणका लागि रु.५,००,०००।-
ग. कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत, हाल नेपालगञ्जलाई बाढीबाट जिर्ण भएको ब्यारेक निर्माण मर्मत सम्भारका लागि रु.१,५०,०००।– बराबरको सामाग्री

निर्णय नं. १३

यस नगरपालिकाको न्यायीक समिति तथा मेलमिलापकर्ताहरुको सेवा सुविधा सम्बन्धी कार्यबिधी, २०७६ मा समय सान्दर्भिक हुने गरी संशोधन गर्ने ।

निर्णय नं. १४

त्रिभुवन विश्वविद्यालय क्षेत्रीय परिक्षा नियन्त्रण कार्यालयको भवन निर्माणका लागि यस नगर कार्यपालिकाको निर्णयबाट कोहलपुर २ मा जग्गा उपलब्ध गराएकोमा उक्त कार्यालयले भवन निर्माणको प्रक्रिया अगाडी बढाई नक्सा पास लगायत राजस्व शुल्कमा मिनाहाका लागि अनुरोध गरेकोमा उक्त भवन निर्माणमा लाग्ने नक्सा पास शुल्कमा ५०% छुट दिने ।

निर्णय नं. १५

यस नगरपालिकामा नगर प्रहरी हवलदार पदमा कार्यरत राजेन्द्र सुनारको आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा मिति २०७९/०७/०९ गते ड्युटीको क्रममा मोटरसाईकल दुर्घटनामा परी नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल, कोहलपुरमा प्रारम्भिक उपचार पश्चात चिकित्सकको सल्लाह बमोजिम छिमेकी राष्ट्र भारतको लखनउ गई उपचार गराउनुपरेको हुँदा निजको उपचार गराउँदा लागेको खर्च कोहलपुर नगर प्रहरी नियमावली २०७९ को नियम ५३(क) बमोजिम रु.३,००,०००।- उपलब्ध गराउने । साथै उपचार तथा बेड रेस्ट अवधिको १(एक) महिना विशेष विरामी बिदा स्वीकृत गर्ने ।

निर्णय नं. १६

यस नगरपालिकाको विभिन्न वडाहरुमा वितरित नेपाल विद्युत प्राधिकरणको लाईनको पोलहरु मध्ये केही पोलहरु पुरानो भई जिर्ण भएका, मापदण्ड भन्दा सानो साइजका भएका तथा सडकको क्षेत्रमा

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ...९३...
मिति ...०८१।३।२०... को
निर्णय प्रमाणित

परेको देखिएकोले सो पोलहरु बिस्थापन गरी नयाँ पोलहरु जडान गरिदिन बिद्युत प्राधिकरण, कोहलपुर वितरण केन्द्रलाई अनुरोध गर्ने । संघ, प्रदेश तथा यस नगरपालिकाको योजना अनुसार सडक एवं नाला बिस्तारको क्रममा नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम लगायतका कुनै पोलहरु सार्नुपरेमा सोही योजनामा बजेट विनियोजन गरी पोलहरु व्यवस्थापन गर्ने। बजेट व्यवस्थापन नभई योजना अबरुद्ध हुने भएमा नगरपालिकाको बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ७३, सि.नं.९३ विद्युत पोल सार्ने तथा विद्युत विकास सहकार्य शीर्षकबाट खर्च गर्ने गरी सो को व्यवस्थापन गर्ने ।

निर्णय नं. १७

कोहलपुर नगरपालिका वडा नं. १ कौशिलानगर नैनी वलीको छोरी सीता रावल रुखबाट खसी घाइते भएकोमा निजको घरको आर्थिक अवस्था कमजोर रहेकाले औषधि उपचारका लागि रु.१८,०००।- रकम आर्थिक सहायता उपलब्ध गराउने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत